# प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन-२०७९

## दैनिक अनुगमन प्रतिवेदन

### २०७९ मङ्सिर १ गते

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि आज बिहीबार मध्यरातिदेखि मौन अवधि सुरु हुँदैछ । निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका उम्मेदवारले आज राति १२ बजेभन्दा अगाडिसम्म मात्र अन्तिम चुनावी प्रचार गर्न पाउनेछन् । त्यसपछि मध्यरातिबाट राजनीतिक दल, उम्मेदवार तथा दलका पदाधिकारीले चुनावी प्रचार गर्न पाउँदैनन् सञ्चार माध्यमले कुनै पनि प्रकारका चुनावी प्रचार सामग्री सम्प्रेषण गर्न मिल्दैन । मतदान सुरु हुनु ४८ घण्टाअघिदेखि मौन अवधि तोकेको हो। मतदान नसकिएसम्म मौन अवधि कायम रहनेछ।

निर्वाचन धाँधलीरहित, स्वच्छ, निष्पक्ष, भयमुक्त वातावरणमा सम्पन्न गर्न मौन अवधि तोकिएको हो। मौन अवधिभर दल, तिनका भ्रातृ संगठन, उम्मेदवार, सङ्घ सङ्गठनलगायतले राजनीतिक प्रचार, भेलारगोष्ठी आयोजना गर्न नपाउने आयोगको आचारण निर्देशिकामा उल्लेख छ। निर्देशिकाविपरीत मौन अवधिमा मतदाता प्रभावित पार्ने गतिविधि गरे उम्मेदवारी रद्ददेखि १ लाख रुपैयाँ जरिवानासम्मको कारबाही हुन सक्ने निर्वाचनसम्बन्धी कानुनमा उल्लेख छ ।

मौन अवधिमा निर्वाचन प्रचारप्रसार गर्न र मत माग्न नहुने,मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर वरिपरि राखिएका आ-आफ्ना निर्वाचन चिह्न तथा प्रचार र प्रसारका सामग्री हटाएको हुनुपर्ने,एसएमएस, फेसबुक, भाइवरजस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचार प्रसार गर्न नहुने, अनलाइन, छापा वा अरू कुनै पनि माध्यमबाट दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सन्देश, सूचना वा प्रचारका सामग्री पोस्ट वा सेयर गर्न नहुनेलगायतका व्यवस्था रहेको छ ।

आज आयोजित पत्रकार सम्मेलनमा निर्वाचनको व्यवस्थापकीय लगाएत सुरक्षाका सबै तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ । निर्वाचनका लागि बिहीबार राति १२ बजेदेखि मौन अवधि सुरु हुने र चूनावी प्रचार गर्न नपाइने आयोगले जानकारी दिएको छ। पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मौन अवधिमा कुनै पनि माध्यमबाट मत माग्न नपाइने, प्रचारप्रसार गर्न नपाइने बताए ।

मतगणनाको काम नभएसम्म सभा, जुलुश लगायतका प्रचारप्रसारको काम गरे २५ हजारसम्मको जरिवाना गर्ने उनले बताए । निर्वाचनमा एक करोड ८८ लाख ७९ हजार ५७० मतदाताले १० हजार ८९२ मतदानस्थलबाट मतदान गर्नसक्ने थपलियाले जानकारी दिए । उनले निर्वाचन बिथोल्ने, बुथ कब्जा गर्नेलगायत कुनै पनि निर्वाचन विरोधी कामलाई रोक्नका लागि आवश्यक सुरक्षा तयारी गरिएको बताए । निर्वाचनमा मतदाताभन्दा बढी मत नहुने भन्दै थपलियाले अस्वभाविक मत खसेको पाइए पुनः निर्वाचन गराउने स्पष्ट पारे । त्यस्तै, थपलियाले मतपेटिका संकलनपछि मतगणना सुरु गर्ने र मंसिरको २२ गतेसम्म अन्तिम नजिता लिएर राष्ट्रपतिसमक्ष प्रतिवेदन बुझाउने तयारी रहेको बताए । आयोगले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गरी ७ हजार २१९ जनाले निर्वाचन पर्यवेक्षणका लागि अनुमति लिएको र उनीहरूले पर्यवेक्षण गर्ने जनाएको छ । मंसिर ४ गते हुने निर्वाचनमा प्रतिनिधिसभाको प्रत्यक्षतर्फ २ हजार ४१२ र २ हजार १९९ समानुपातिक गरी कुल ५ हजार ६३६ उम्मेदवार बन्दसूचीमा रहेको र प्रदेशको प्रत्यक्षतर्फ ३ हजार २२४ र समानुपातिकतर्फ ३ हजार ७०८ उम्मेदवार बन्दसूचीमा रहेको आयोगले जनाएको छ ।

## प्रदेश १

**सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्कीकाअनुसार** जिल्ला निर्वाचन कार्यालयले सामाजिक सञ्जालमा भोट मागेको आरोपमा एक जना मतदान अधिकृतलाई जिम्मेवारीबाट हटाएको छ। धर्मदेवी नगरपालिका-९ स्थित महेन्द्र ज्योति माध्यमिक विद्यालयको मतदान केन्द्र 'क' मा खटाइएका मतदान अधिकृत शान्तिप्रसाद दाहाललाई जिल्ला निर्वाचन कार्यालयले जिम्मेवारीबाट हटाएको हो । सामाजिक सञ्जालमा नेकपा एमालेका प्रदेशसभा 'ख' का उम्मेदवार विदुर सुब्बा लिङ्थेपको पक्षमा मत मागेको आरोपमा दाहाललाई जिम्मेवारीबाट हटाइएको जिल्ला निर्वाचन अधिकृत रामेश्वर निरौलाले बताउनु भयो । खाँदवारी नगरपालिकाकी उपमेयर महेश्वरा श्रेष्ठ वज्राचार्यले आफ्नै नगरपालिकाको वडा-३ मा नेकपा एमालेमा उम्मेदवार राजेन्द्रप्रसाद गौतम र प्रदेशसभाका उम्मेदवार भगिश्वर गुरुङको पक्षमा मङ्सिर १ गते भोट मागेको अनुगमनका क्रममा पाइएको छ ।

**पाँचथर जिल्ला प्रतिनिधि सहमान विश्वकर्माकाअनुसार** निर्वाचन आयोगले राजनीतिक दल तथा उम्मेदवारलाई विद्यालय हाताभन्दा ३ सय मिटर वरिपरि निर्वाचन सामग्री राख्न वर्जित गरेपनि निर्वाचन आचारसंहिता विपरित फिदिम नगरपालिका-१ स्थित बालकिरण इङ्गलिस बोर्डिङ स्कूलमा कम्पाउण्ड वालमा गठबन्धनतर्फबाट प्रतिनिधिसभाका उम्मेदवार भीष्मराज आङ्गदम्बे र प्रदेशसभा उम्मेदवार कमलप्रसाद जवेगुको पक्षमा भोट माग्दै प्लेक्स राखिएको छ । निर्वाचन प्रचारप्रसारमा विद्यालय, शिक्षक, कर्मचारी, विद्यालयको सवारी साधन, भवन प्रयोग गर्न नहुने, प्रचारप्रसार सामाग्री टाँस्न वा राख्न नहुने (निर्वाचन आचारसंहिता दफा ४ को बुँदा ग, दफा १० को बुँदा 'ग' र 'छ' मा व्यवस्था छ ।

**झापा जिल्ला प्रतिनिधि नरेश खातीका अनुसार** झापा निर्वाचन क्षेत्र न.१ का नेकपा एमाले तर्फबाट प्रतिनिधिसभाका उम्मेदवार अग्नि खरेललाई सघाउने उद्देश्यले मेचीनगर नगरपालिका-७ इटाभट्टामा एमाले अध्यक्ष केपी शर्मा ओलीले मङ्सिर १ गते सम्बोधन गर्नु भएको चुनावी सभामा निर्वाचन आचारसंहिता विपरीत झण्डा,तुल ब्यानर,फ्याक्स प्रिन्टको प्रयोग गरेको पाइएको छ। गठवन्धनबाट झापा निर्वाचन क्षेत्र न.१ का उम्मेदवार विश्वप्रकाश शर्माले मेचीनगर नगरपालिका-१० धुलाबारीमा मङ्सिर १ गते आयोना गरेको चुनावी कार्यक्रममा निर्वाचन आचारसंहिता विपरित चुनाव चिन्ह अङ्कित झण्डा, ब्यानरको प्रयोग गरेको पाइएको छ ।

**सोलखुम्बु जिल्ला प्रतिनिधि अञ्जु कार्कीकाअनुसार** निर्वाचन आचारसंहिता विपरीत गतिविधि गरेको आरोपमा जिल्ला निर्वाचन कार्यालयले तीन जनालाई स्पष्टीकरण सोधेको छ । निर्वाचन आचारसंहिता उल्लङ्घनबारे परेको उजुरीका आधारमा थुलुङदूधकोशी गाउँपालिका अध्यक्ष असिम राई, माप्यदूधकोशी गाउँपालिका अध्यक्ष बुद्धिकिरण राई, खुम्बु पासाङल्हामू गाउँपालिका अध्यक्ष मिङ्माछिरी शेर्पा र उपाध्यक्ष टासील्हामु शेर्पालाई समितिले लिखित स्पष्टीकरण सोधेको हो। मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार थुलुङदूधकोशी गाउँपालिका र माप्यदूधकोशी गाउँपालिका अध्यक्षहरूले स्पष्टीकरण पेश गरेका छन् । खुम्बुपासाङल्हामु गाउँपालिका अध्यक्ष र उपाध्यक्षले पेश गर्न बाँकी रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। माप्यदूधकोशी गाउँपालिका अध्यक्षले कात्तिक २३ गते र थुलुङदूधकोशी गाउँपालिका अध्यक्षले कात्तिक २५ गते लिखित जवाफ पेश गरेको निर्वाचन कार्यालयले जनाएको छ । चारै जनाको जवाफ प्राप्त भएपछि आयोगमा पठाइने जिल्ला आचारसंहिता अनुगमन समितिका संयोजक मुख्य निर्वाचन अधिकृत प्रकाशकुमार अधिकारीले बताउनु भयो । थुलुङदुधकोशी र माप्यदुधकोशी गाउँपालिका अध्यक्षविरूद्ध आफ्नो क्षेत्रमा चुनावी सभामा भोट मागेको र खुम्बुपासाङल्हामु गाउँपालिका अध्यक्ष र उपाध्यक्षले निर्वाचन आचारसंहिता लागू भएछि मतदातालाई प्रभावित पार्ने गरी खानेपानी र विद्युत सर्वेका लागि प्राविधिक खटाएको आरोप छ ।

**ओखलढुङ्गा प्रतिनिधि सरस्वती बानियाका अनुसार** आचारसंहिता उल्लङ्घन गरेको आरोपमा जिल्ला निर्वाचन कार्यालयले सिद्धिचरण नगरपालिकाका नगरप्रमुख तेजेन्द्र खनाललाई स्पष्टीकरण सोधेको छ। निर्वाचन आचारसंहिता विपरीत आफ्नै स्थानीय तहमा चुनावी सभामा सहभागी भएको भन्ने लिखित उजुरी परेपछि स्पष्टीकरण सोधेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । कांग्रेस माओवादी गठबन्धनले कात्तिक २९ गते सिद्धिचरण नगरपालिका -३ नारायणस्थानमा गरेको चुनावी सभामा सहभागी भएर भोट मागेको भनी मङ्सिर १ गते उजुरी आएको र सोही दिन स्पष्टीकरण सोधिएको निर्वाचन आचारसंहिता अनुगमन अधिकृत यज्ञराज उप्रेतीले बताउनु भयो ।

## मधेस प्रदेश

**रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिनाकाअनुसार** रौतहट क्षेत्र नं. ३ मा कटहरियाका पूर्व मेयर तथा नेपाली काँग्रेसका अजय जयसवाल र क्षेत्र नं. ३ का प्रतिनिधि सभा सदस्यका स्वतन्त्र उम्मेदवार प्रभु साहका कार्यकर्ता राकेश गिरीबीच कात्तिक ३० गते राती कटहरियामा झडप भएको छ।
सामान्य विवादबाट सुरु भई ढुङ्गा मुढा, बियरका बोलत, लाठीलगायत प्रयोग भएको स्थानीय प्रहरी कार्यालय कटहरियाका प्रहरी हवल्दार कुलबहादुर थापाले बताउनु भयो । सो घटना भएको जानकारी पाउनासाथ तत्कालै करिब ३० देखि ४० जनाको सङ्ख्यामा रहेको प्रहरी टोली घटनास्थल पुगि झडपलाई नियन्त्रणमा लिएको उहाँले बताउनु भयो। घटनालाई नियन्त्रणमा लिन पाँच सेल अश्रुग्याँस प्रहार गर्नु परेको थापाले जानकारी दिनु भयो।

चुनावी प्रतिस्पर्धाको विषयमा विवाद भएपछि घटनाको रुप लिएको हो। केही व्यक्तिलाई सामानय चोट लागेपनि ठुलो क्षति हुनबाट जोगिएको प्रहरी हवल्दार थापाले बताउनु भयो । सो घटनामा संलग्न राकेश गिरी पक्षका एक जना सुरेन्द्र साहलाई नियन्त्रणमा लिएर मङ्सिर १ गते सम्झाइबुझाई छोडिएको उहाँले बताउनु भयो ।
यसैबिच निर्वाचनलाई लक्षित गरी भारतसँग सीमा जोडिएका जिल्लाका सम्पूर्ण सीमा नाकाहरु मङ्सिर १ गते रातीको १२ बजेदेखि मङ्सिर ४ गते राति १२ बजेसम्म बन्द रहने सबैलाई जानकारीसहित जिल्ला प्रशासन कार्यालयबाट सूचना जारी गरिएको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासकीय अधिकृत मणिभुषण साहले बताउनु भयो।

**धनुषा प्रतिनिधि दीपेन्द्रप्रसाद सिंहकाअनुसार** जिल्ला प्रशासन कार्यालय, धनुषाले मङ्सिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न गर्न भारतसँग जोडिएका सीमा नाका मङ्सिर १ गतेदेखि ४ गतेसम्म बन्द गर्ने निर्णय गरेको छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न शान्ति सुरक्षालाई दृष्टिगत गरि स्थानिय प्रशासन ऐन,२०२८ तथा स्थानिय तह निर्वाचन निर्देशिका, २०७९ का विभिन्न व्यवस्था अनुसार भारतीय सीमा नाका बन्द गर्ने निर्णय गरिएको धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडलले बताउनु भयो।
सूचनामा मङ्सिर ३ गते राती १२ बजेदेखि मतदान कार्य सम्पन्न नहुञ्जेलसम्म एम्बुलेन्स, खानेपानी टयाङकर, दमकल, दूरसञ्चार सेवा, शव बहान, अस्पताल सेवा तथा विद्युत सेवा जस्ता अत्यावश्यक सेवा र नम्बर प्लेटमा सिडी उल्लेख भएको कुटनीतिक नियोगको सवारी साधन र अनुमति प्राप्त सवारी साधन बाहेकको सवारी साधन सञ्चालन गर्न निषेध गरिएको पौडेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ।

## बागमती प्रदेश

**इन्सेक सिन्धुपाल्चोक प्रतिनिधि नातिबावु धिताल**का अनुसार चौतारा कारागारका कैदी/बन्दी र अस्थायी मतदान केन्द्रका मतदातालाई ०७९ मङ्सिर १ गते जिल्ला निर्वाचन कार्यालयले मतदाता शिक्षा प्रदान गरेको छ। सदरमुकाम स्थित बृद्ध आश्रम र चौतारा कारागारमा मतदाता शिक्षा सञ्चालन गरिएको

जिल्ला निर्वाचन कार्यालय प्रमुख बिकास रिजालले बताउनु भयो । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि सभाको समानुपातिक तर्फको मतदानमा बदर हुन नदिनका लागि मतदाता शिक्षा प्रदान गरिएको जिल्ला निर्वाचन कार्यालय प्रमुख रिजालले बताउनुभयो । अस्थायी मतदान केन्द्र रहेको चौतारा कारागारमा ५५ जना र बृद्ध आश्रममा चार जना मतदाता रहेका छन् ।

**इन्सेक रसुवा प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार कारागारमा रहेका कैदीबन्दी मध्ये १४ जनाले प्रतिनिधि सभाको समानुपातिकतर्फ मतदान गर्ने भएका छन । कैदी र बन्दीको सङ्ख्या धेरै भए पनि मतदाता नामावलीमा नाम समावेस नभएको कारण सबैले मतदान गर्नबाट वञ्चित हुनु परेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख श्रीराम थापाले बताउनुभयो । रसुवा कारागारमा ६ जना महिला सहित ८० जना बन्दी रहेकोमा यस पटक १४ जनाले मतदान गर्न पाउने भएका हुन् ।

रसुवामा कूल ३४ स्थानमा ५४ ओटा मतदान केन्द्र रहेका छन् । जिल्ला कारागार र जिल्ला समन्वय समितिमा गरी दुई ओटा अस्थायी केन्द्र रहेका छन् । जसमा ७ सय ९१ जना अस्थायी मतदाता रहेका छन् । मतदान केन्द्रमा खटिएका सबै कर्मचारीलाई तालिम प्रदान गरी ३० गतेबाट मतदान केन्द्रमा खटाएको थापाले बताउनुभयो । रसुवामा कुल मतदाता ३९ हजार ४ सय ५९ जना छन् ।

**इन्सेक धादिङ प्रतिनिधि सीताराम अधिकारी**का अनुसार जताततै भोज भतेर सत्ता गठबन्धनका तर्फबाट उम्मेदवार बन्नुभएका प्रतिनिधिसभाका लागि नेकपा एसका राजेन्द्र पाण्डे, प्रदेशसभाका शालिकराम जम्मरकट्टेलको निर्वाचन क्षेत्रमा पर्ने स्थानहरूमा भोज आयोजना गरी सभा गरिएको स्थानीयबासीले बताएका छन् । मङ्सिर १ गते सिद्धलेक गाउँपालिका-७ पिपलटारमा खसी काटेर भोज सहितको चुनावी सभा गरिएको हो ।

यसैगरी गजुरी गाउँपालिका-५ राइगाउँमा समेत खसी काटेर भोज आयोजना गरिएको छ । गाउँमा बाहिर खबर नलैजान भनेर भोज आयोजना गरिएको थियो । निर्वाचन आचार संहिता अनुसार भोज भतेर गरेर चुनावी कार्यक्रम गर्ननिषेध गरिएको छ ।

यसैगरी निर्वाचन आचार संहिता विपरीत राष्ट्रिय भूमि आयोगका अध्यक्ष कृष्ण अर्याल हरेक दिन राजनीतिक कार्यक्रममा सहभागी हुनुभएको छ । साथै अर्यालले सामाजिक संजालमार्फत नेकपा एसलाई कलममा भोट माग्दै योजनाहरू समेत ल्याएर बजेट समेत दिइएको उल्लेख गनुभएको छ । सिद्धलेकका एक मतदाताले भोट किन दिने भनेर प्रश्न गरेपछि अर्यालले पक्की पुल, सडक, सडकमा पिच, आदी योजनामा पैसा राखिदिएकोले भोट दिन माग गर्नुभएको हो । यसैबीच, स्वतन्त्र चुनाव चिह्न लिएर प्रदेश सभामा उम्मेदवार बन्नु भएका नेत्र पौडेलले पृथ्वीराजमार्ग क्षेत्रमा मङ्सिर १ गते मोटरसाइकल ऱ्याली गर्नुभएको छ । आचार संहिता विपरीत गरिएको ऱ्यालीमा ५० भन्दा बढी मोटरसाइकल प्रयोग भएको थियो । कार्यक्रम गल्छी गाउँपालिका-४ बाटसुरु भएर थाक्रे गाउँपालिकासम्म पुगेको थियो । कार्यक्रममा उम्मेदवार पौडेल समेत सहभागी हुनुभएको छ ।

**इन्सेक नुवाकोट प्रनिनिधि नवदीप श्रेष्ठ**का अनुसार निर्वाचन आचार संहिता विपरीत विभिन्न राजनीतिक दलहरूले सवारी साधन ऱ्याली गरेका छन् । नेपाली कांग्रेसले क्षेत्र नं. १ को लिखु गाउँपालिकादेखि पञ्चकन्या, तादी हुँदै दुप्चेश्वर गाउँपालिकासम्म मोटरसाइकल तथा चारपांग्रे सवारी साधनमा ठूला झण्डासहित चर्को हर्न बनाउँदै निर्वाचन आचारसंहिता विपरीतको ऱ्यालीमा १ सय ६० वटाभन्दा बढी सवारीसाधन प्रयोग गरिएको थियो ।

क्षेत्र नं. २ विदुरदेखि बेलकोटगढी नपा-७ महादेवफाँटसम्म राष्ट्रिय स्वतन्त्र पार्टीले पनि उम्मेदवार सुमनविक्रम पाण्डेसहित सवारीसाधन ऱ्याली गरेको छ । यस्तै, विदुरमै नेपाली कांग्रेसका कार्यकर्ताहरूले पनि आचारसंहिता विपरीत सवारी ऱ्याली गरेका छन् । सदरमुकामदेखि बट्टारसम्म १ सय भन्दा बढी सवारसाधन प्रयोग गरी सवारी साधनको ऱ्याली गरिएको थियो ।

यसैबीच, जिल्ला आचार संहिता अनुगमन समितिले जिल्लामा १२ ओटै स्थानीय तहका प्रमुख/उपप्रमुखसहित निर्वाचित जनप्रतिनिधीहरूलाई सचेतनापत्र पठाइएको छ। आचार संहिता विपरीत जनप्रतिनिधीहरूले आफ्नो स्थानीय तहभित्र पनि दलको लागि मत मागेको लिखित र मौखिक उजुरी लगातार आइरहेको कारण स्थानीयतहका सबैलाई सचेतना पत्र पठाइएको जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समितिका अनुगमन अधिकृत रामकृष्ण पुडासैनीले बताउनुभयो । पुडासैनीको अनुसार पहिले प्रमुख उपप्रमुखलाईमात्र पत्र पठाइएकोमा उजुरी आउन थालेपछि स्थानीय तहमा प्रमुख उपप्रमुख सहित सबैको लागि निर्देशनसहितको सचेतना पत्र पठाइएको हो। यसैबीच, जिल्लाका सबै मतदान अधिकृतहरूले निर्वाचन सामग्री मङ्सिर १ गते नै बुझेर कार्यस्थलतर्फ गएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख जिल्ला निर्वाचन अधिकारी जयप्रसाद गौतमले जानकारी दिनुभयो ।

**इन्सेक काठमाडौं प्रतिनिधि विमल पौडेल**का अनुसार निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनको तयारी पूरा भएको जनाएको छ। आयोगले मङसिर १ गते आयोग परिसरमा पत्रकार सम्मेलन गर्दै प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थापलियाले निर्वाचनका लागि लागि सम्पूर्ण तयारी पूरा भइसकेको उल्लेख गर्नुभयो । पत्रकार सम्मेलनमा आयुक्त थपलियाले १ गते राति १२ बजेदेखि चुनावी प्रचार गर्न नपाइने जानकारी दिनुभयो । पत्रकार सम्मेलनका क्रममा आयोगले निर्वाचनमा प्रतिनिधि सभातर्फ २ हजार ४ सय १२ र प्रदेशसभातर्फ ३ हजार २ सय २४ जनाले उम्मेदवारी दर्ता गराएको जनाएको हो ।

त्यस्तै निर्वाचनका बेला मौन अवधिको अनुगमनका लागि निर्वाचन आयोगले देशका विभिन्न ठाउँमा घुम्ती टोली परिचालन गर्ने भएको छ। घुम्ती टोलीले स्थानीय प्रशासन ऐन अनुसार प्रमुख जिल्ला अधिकारीको अधिकार र आयोगको आचारसंहिता पालनाको अधिकार समेत प्रयोग गर्नेछ । निर्वाचन आयोगले मतदानको २४ घण्टाअघि र मतदानको दिन प्रचारप्रसार गरे २५ हजार रुपैयाँ जरिवाना गर्ने भएको छ। मतदानको २४ घण्टाअघिदेखि मतदानको दिनसम्म कसैले प्रचार प्रसार गरे निर्वाचन कसुर ऐनअनुसार २५ हजार जरिवाना लगाउने आयोगले निर्णय गरेको हो ।

जिल्ला निर्वाचन कार्यालयले जिल्लामा खटिएका मतदान अधिकृतहरूलाई निर्वाचन सामग्री वितरण सुरु गरेको छ। कार्यालयले मतदान अधिकृतहरूलाई मतपेटिकासँगै मतपत्र, स्टाम्प प्याड मसी, स्वस्तिक छाप, लाहा, नउड्ने मसी भएको मार्कर पेन, मार्कर पेन, स्केल, स्टापलर मेशिन, होल्डर र डोरीसहित अन्य सामाग्रीहरू मतदान अधिकृतहरूलाई वितरण गर्न सुरु गरेको हो ।

**इन्सेक रामेछाप प्रतिनिधि नवराज घिमिरे**का अनुसार प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको प्रचार प्रसारको अन्तिम दिन जिल्लामा राजनीतिक दलले घरदैलो तथा मतदाता भेटघाट कार्यक्रम सम्पन्न गरेका छन् । नेकपा एमालेका उम्मेदवार तथा नेपाली कांग्रेस र माओवादी केन्द्रको गठबन्धन उम्मेदवारहरूले मङ्सिर ४ को निर्वाचनका लागि मतदातासँग अन्तिम पटक मत मागेका हुन्। निर्वाचन प्रचार कार्यक्रम शान्तिपूर्ण रूपले भएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख राजकुमार थिङले जानकारी दिनुभयो ।

यसैबीच, सबै मतदान अधिकृत लगाएका कर्मचारीहरू ०७९ मङ्सिर १ गते मतदान स्थलमा पुगेका छन्। निर्वाचन टोली निर्वाचनको लागि आवश्यक सामाग्री सहित मतदान केन्द्रमा पुगेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। मतदान अधिकृतहरूले राती १२ बजेबाट स्थिर समय सुरु हुने सूचना टाँस गरेका छन्।

**इन्सेक चितवन प्रतिनिधि दिपेन्द्र अधिकारी**का अनुसार चितवन प्रतिनिधि सभा क्षेत्र नं. ३ को प्रदेश २ का उम्मेदवार ठाकुर ढकालले चुनाबी प्रचारका क्रममा प्रयोग गर्दै आएको बागमती प्रदेश ०६-००१ य ०००१ नम्बरको स्कोर्पियो गाडीमा ०७९ कात्तिक १ गते बिहान मोटरसाइकलमा आएका दुई जना अपरिचित व्यक्तिले पेट्रोल छर्किएर आगो लगाएका छन्। गाडीको पछाडिको भागमा सामान्य क्षति

पुगेको छ । माडी नगरपालिका-५ स्थित आफ्नै गरमा फार्किङ गरी राखेको गाडीमा आगो लागेको थाहा पाएलगत्तै पानी तान्ने मोटरबाट आगो निभाइएको उम्मेदवार ढकालले जानकारी दिनुभयो । ढकाल सत्तारुढ गठबन्धन अन्तर्गत नेकपा (माओवादी केन्द्र) बाट प्रदेश सभा सदस्यको उमेदवार हुन् ।

## लुम्बिनी प्रदेश

**दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**काअनुसार सहरी विकास मन्त्री तथा दाङ क्षेत्र नम्बर १ का उम्मेदवार मेटमणि चौधरीलाई सघाउन मन्त्रालयका सचिव डा. रमेश सिंह र डिजी सुरेन्द्रमान श्रेष्ठ दाङ निर्वाचन क्षेत्र नम्बर १ भालुवाङमा आएको भन्दै नेकपा एमालेका कार्यकर्ताहरूले नाराबाजी गरेपछि दुबैजना कात्तिक ३० गते राति १ बजे काठमाण्डौ फर्किनु भएको छ । मतदातालाई प्रभावित पार्ने गरी कात्तिक ३० गते भालुवाङको होटल पौवामा रातको समयमा आएर मन्त्री मेटमणि चौधरीसँग भेट्न थालेको भन्दै नेकपा एमालेका कार्यकर्ताहरूले होटल पौवा घेराउ गर्दै नाराबाजी गरेपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीको स्कर्टिङमा रातको १ बजे प्रदेश ३ ९१०-०२२च ३४९९० नम्बरको स्कारपियो र बा २ झ २९५७ नम्बरको पिकअप गाडीमा जिल्ला बाहिरिएका थिए ।

विदेश भ्रमण स्वीकृति फाइललगायत, केही नियुक्तिका फाइल समेत लिएर दाङ आएका सचिव सिंहले आफू मङ्सिर ५ गतेदेखि अवकासमा जान लागेकाले मन्त्रीलाई भेट्न आएको बताउनु भयो । तर, निर्वाचन आचार संहिता विपरित मन्त्रीको निर्वाचन क्षेत्रमा मध्यरातमा आएर आर्थिक चलखेलको योजनासहित आएकाले आफूहरूले विरोध गरेको र प्रहरीले राती नै फिर्ता पठाएको नेकपा एमालेका कार्यकर्ता जगत खनालले जानकारी दिनु भयो । मन्त्रालयकै काममा मन्त्रीलाई भेट्न आएको तर विरोध भएपछि सहजरूपमा फिर्ता पठाइएको जिल्ला प्रहरी कार्यालय, दाङका एसपी बीरबहादुर ओलीले बताउनु भयो । नेकपा एमालेका कार्यकर्ताले विरोध गरेपछि सहरी विकास मन्त्री एवं दाङ निर्वाचन क्षेत्र नं. १ प्रतिनिधि सभा सदस्य उम्मेदवार मेटमणि चौधरी सचिवसँग भेट गर्नुभएन ।

**बाँके प्रतिनिधि प्रतिनिधि लक्ष्मी थारू**काअनुसार नेपालगञ्ज उपमनपा-१० भृकुटीनगरमा बनाउन लागेको प्रेसर कुकर बम बिष्फोट हुँदा दुई जना घाइते भएका छन् । बनाएर राखेको दुई वटा प्रेसर कुकर बम नेपाली सेनाको टोलीले निष्क्रिय गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घटनामा नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा क्रन्तिकारीका जिल्ला अध्यक्ष २७ वर्षीय डिल्ली डिसी, ३३ वर्षीय धर्मबीर बडवाल घाइते भएका छन् ॥ घाइते दुवै जनाको नेपालगञ्ज मेडिकलमा उपचार भइरहेको छ। उनीहरूको कोठाबाट, पर्चा,पम्प्लेट, चन्दा माग गरेको रसिद र ब्यानर मरामद गरेको जिल्ला प्रहरी कार्यालय, बाँकेले जनाएको छ ।

**प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डे**का अनुसार निर्वाचन प्रचार प्रसारको समयमा राजनीतिक दलहरूले ठुला झण्डा र साउण्ड सिस्टमको प्रयोग गरेको र निर्वाचन आचारसंहिता उल्लङ्घन घटना जिल्लामा भएको पाइएको छैन । मूख्य निर्वाचन अधिकृतको कार्यालयले प्यूठानका नौ वटा स्थानीय तहमध्ये आठ वटा स्थानीय तहका टाढा रहेका मतदानस्थल र केन्द्रमा मत पत्र तथा मत पेटिकासहित मतदानमा खटिने कर्मचारी र सुरक्षाकर्मीलाई पठाएको मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक अधिकृत वीरेन्द्रप्रकाश खड्काले बताउनु भयो । कात्तिक ३० गते साँझ मल्लरानी गाँउपालिका- ४ मा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा कार्यकर्ताले निर्वाचन बहिष्कार गरौं भन्दै मसाल जुलुस प्रदर्शन गरेको स्थानीय निमा गन्धर्वले बताउनु भयो ।

**गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**काअनुसार प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनकालागि कर्मचारीहरू मतदान स्थल तर्फ प्रस्थान गरेका छन् । क्षेत्र नम्बर १ र २ का निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचन सामग्री बुझेर मतदान अधिकृत सहितको टोली गाउँ हिडेको हो । मुख्य निर्वाचन अधिकृत बसन्तराज पौडेलका अनुसार कर्मचारी र सुरक्षाकर्मीसहितको टोली मङ्सिर १ गते नै मतदान

केन्द्रहरूमा पुग्नेछन् । मतदान अधिकृत २ सय ७९, सहायक मतदान अधिकृत २ सय ७९, सहायक कर्मचारी १ हजार ३ सय ८९ र सहयोगी २ सय ७९ गरेर २ हजार २ सय २६ कर्मचारी आ-आफ्नो मतदान केन्द्रमा खटिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। मतदान अधिकृतले मतदान केन्द्रमा स्वयंसेवक आफैले व्यास्थापन गर्न पाउँने छन् । त्यस्तै मतदान केन्द्र र बाहिर सुरक्षाको लागि म्यादी प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना गरेर ३ हजार बढी सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी पुण्यबिक्रम पौडेलले जानकारी दिनुभयो । उहाँले अहिलेसम्म दुई वटै निर्वाचन क्षेत्रमा सौहार्दपूर्ण चुनावी सभा र घरदैलो भएकाले सुरक्षाको दृष्टिकोणबाट कुनै कमी नहुने बताउनु भयो । पौडेलले मतदान केन्द्रहरूको अनुगमन, सुरक्षा प्रबन्ध, मतपेटीका आवत-जावतसहित मतगणना स्थल व्यावस्थापनका कामहरू भइसकेको बताउनुभयो ।

**बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरीकाअनुसार** बर्दिया जिल्लाको क्षेत्र नम्बर १ को (क) बढैयाताल गाउँपालिका र बाँसगढी नगरपालिकाको सार्वजनिक स्थलमा चुनाव चिन्ह अंकित झण्डा प्रयोग गरेको पाइएको छ। क्षेत्र नं १ को (ख) को बढैयाताल गाउँपालिका र बाँसगढी नगरपालिकाको सार्वजनिक स्थलमा चुनाव चिन्ह अंकित झण्डा प्रयोग गरेको पाइएको हो । नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल उनमुक्ति पार्टी, नेपाली काङ्ग्रेस, जनता समाजवादी पार्टीले जिल्लाभर नै र्‍याली र आमसभामा आचार संहिता विपरीत बालबालिकाको प्रयोग गरेको पाइएको छ । कोण सभा, आमसभा र र्‍यालीमा झण्डा पनि तोकिएको सङ्ख्या भन्दा बढी प्रयोग भएका छन् । अटो रिक्सादेखि ठुला सवारी साधनमा माइक, स्पिकर लगाएर ठूलो आवाजमा प्रचार प्रसार गरेको पाइएको छ ।

**रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसीकाअनुसार** रुपन्देही क्षेत्र नम्बर ३ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार तथा गृहमन्त्री बालकृष्ण खाण बहुविवाहमा संलग्न रहेको आरोपमा उम्मेदवारी खारेज गर्नुपर्ने माग राख्दै मुख्य निर्वाचन अधिकृतको कार्यालय, रुपन्देहीमा मङ्सिर १ गते उजुरी दर्ता भएको छ । पाँचदलीय गठबन्धनका उम्मेदवार समेत रहेका खाणविरूद्ध उम्मेदवारी खारेजीसहित कानुनी कारबाहीको माग गर्दै जनताको आयोग महाअभियोग नेपालकी अभियान्ता तारा बरालले प्रमुख निर्वाचन अधिकृतको कार्यालय, भैरहवामा उजुरी दर्ता गर्नु हो । यसअघि कात्तिक २३ गते निर्वाचन आयोगको कार्यालयमा दर्ता भएको २६९९ दर्ता नम्बरको उजुरीमा प्रमुख आयुक्तले सम्बन्धित क्षेत्रमा पुगेर उजुरी दर्ता गर्न भनेको भन्दै सोही अनुसार उजुरी दर्ता गर्न रुपन्देही आएर उजुरी दर्ता गराएको जसको दर्ता नं.४१ रहेको अभियन्ता बरालले इन्सेककर्मीसँगको कुराकानीमा बताउनु भयो । रुपन्देहीका मूख्य निर्वाचन अधिकृत न्यायाधीश कृष्णराम कोइरालाले चुनाव चिन्ह वितरण भइसकेको अवस्थामा उजुरी माथिको छानविन तथा कारबाही गर्न मिल्दैन यो निर्वाचन आयोग काठमाण्डौबाट हुने भएकोले आफूले उजुरी बुझेर आयोगमा पठाइदिने बताउनु भयो । मूख्य निर्वाचन अधिकृत न्यायाधीश कोइरालाले उजुरी दिन आउने नाममा प्रवेश गरेर अनुमति नलिइकन फोटो खिचेकाले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेकोमा सचेत गराएको बताउनु भयो ।

**नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुलीकाअनुसार** जिल्लामा निर्वाचन सामग्री बुझ्ने दिन मादक पदार्थ सेवन गरी आचरण विपरीत कार्य गर्ने एक जना मतदान अधिकृतलाई जिम्मेवारीबाट हटाएर अर्को निर्वाचन अधिकृतलाई खटाइएको छ । सुनवल गाउँपालिका-११ वाक वाणी माविमा खटिएका मतदान अधिकृत पृथ्वीराज चौधरीलाई मादक पदार्थ सेवन गरेको पाइएपछि नियन्त्रणमा लिएर अनुसन्धान सुरू गरिएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जानकारी दिनुभयो ।

**कपिलवस्तु प्रतिनिधि पार्वती आचार्यकाअनुसार** मङ्सिर ४ गते हुने प्रदेश सभा र प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मतदान सामग्रीहरू मतदान केन्द्रहरूमा पठाइ सकिएको छ। जिल्ला निर्वाचन अधिकारी राजीव पन्थीका अनुसार कारागारमा एउटा अस्थायी केन्द्र समेत राखिएको छ। यस पटक ५७ जना कैदी बन्दीले प्रतिनिधि सभाको समानुपातिमा मतदान गर्न पाउने छन् । निर्वाचनका लागि ३ हजार

५ सय ७५ जना कर्मचारी परिचालन गरिएका छन् । मतदान अधिकृतलाई निर्वाचन व्यवस्थापन, सुरक्षा व्यवस्थापन र मतपेटिका ढुवानी, निर्वाचन कार्यक्रम, जनशक्ति, आर्थिक व्यवस्थापन, मतदान अधिकृत र सहायक मतदान अधिकृतको जिम्मेवारी र भूमिका, मतदानको सामग्री बुझे पश्चात् मतपेटिका बुझाउने सम्मको प्रक्रिया लगायत विषयमा अभिमुखीकरण समेत दिएको निर्वाचन अधिकारी पन्थीले जानकारी दिनु भयो । जिल्लाको सुरक्षा अवस्थालाई मध्येनजर गरेर २८ मतदान स्थललाई अति सम्वेदनशील, १ सय ७ लाई सम्वेदनशील र ९९ सामान्यमा बर्गीकरण गरी सुरक्षा व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले बताउनु भयो । निर्वाचनको दिन ४४ वटा सुरक्षा मोबाइल गस्ती परिचालन हुने छन् । सहायक प्रमुख जिल्ला अधिकारी  अनिल पौडेलको नेतृत्वमा सुरक्षा अनुमगन टोली समेत परिचालन गरिनेछ ।  जिल्लामा कायम गरिएको ४ सय ७३ वटै मतदान केन्द्रलाई नेपाली सेनाको प्राविधिक टोलीको सहयोगमा गुगल म्यापमा राखिएको छ । 'हरेक मतदान केन्द्रमा १० मिनेट मै सुरक्षाकर्मीको टोली पुग्ने गरी प्रबन्ध मिलाइएको प्रमुख जिल्ला अधिकारी मिश्रले बताउनु भयो । निर्वाचनमा म्यादी प्रहरी, नेपाल  प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा राष्ट्रिय अनुसन्धानका कर्मचारीहरू खटिने छन् । जिल्लामा करिब ५ हजार सुरक्षाकर्मी परिचालन गरिएको छ ।

**यसैगरी,** निर्वाचन क्षेत्र नं. २ स्थित जिल्ला प्रशासन कार्यालयको नजिकै आचार संहिता विपरीत जनता समाजवादी पार्टीका नेता तथा कार्यकर्ताहरूले गाडीमा डिजे सहित व्यानर र पोस्टरहरू लगाएर प्रचार प्रसार गरेको पाइएको छ । यस्तै क्षेत्र नं. १ को पकडीस्थित माध्यमिक विद्यालयको सय मिटरको दूरीमा नेकपा एमालेले सुर्य चिन्हको तोरन लगाएका छन् । नेपाली कांग्रेस र नेकपा माओवादीको गठबन्धनले भारतीय नम्बरप्लेटका गाडीहरूको प्रयोग गरेको पाइएको छ । निर्वाचन आचार संहिता अनुगमन समिती अधिकृत भिमार्जुन ज्ञवालीले समितीले नियमित अनुगमन गरेको बताउनु भयो । अनुगमनका क्रममा चारओटा भारतीय गाडीलाई नियन्त्रणमा लिइएको र सचेत गराउने कार्य गरिएको बताउनु भयो ।

## सुदूरपश्चिम प्रदेश

**इन्सेक बाजुरा प्रतिनिधि पदमबहादुर सिंह**काअनुसार प्रतिनिधि र प्रदेश सभा निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालयले आयोजना गरेको  तालिमपश्चात निर्वाचन अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारी निर्वाचन सामाग्री सहित जिल्लाका सबै मतदान केन्द्रमा पुगेसकेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख नवराज अबस्थीले बताउनु भयो । जिल्लाका ७० ओटा मतदान स्थलका १ सय १२ मतदान केन्द्रमा  ९ सय ९३ जना कर्मचारी परिचालन गरिएको समेत जिल्ला निर्वाचन कार्यालयका प्रमुख अवस्थिले बताउनु भयो । मतदानस्थलको सुरक्षा तथा मतदातालाई सुरक्षित, भयरहित वातावरणमा मतदान गर्ने वातावरण बनाउन पर्याप्त सुरक्षा व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द अधिकारीले बताउनु भयो।

**इन्सेक दार्चुला प्रतिनिधि नरेन्द्रसिंह कार्की**का अनुसार प्रदेश तथा प्रतिनिधिभा निर्वाचनका लागि खटिएका कर्मचारी निर्वाचन सामग्रीसहित जिल्लाका सबै मतदान केन्द्र पुगिसकेको मुख्य निर्वाचन अधिकृत खेमराज भट्टले बताउनु भयो । सदरमुकामदेखि टाढा रहेका मतदान केन्द्रमा कात्तिक २९ गतेदेखि खटिएका कर्मचारी र सरक्षाकर्मीहरू पनि सम्बन्धीत मतदान केन्द्रमा पुगिसकेको मुख्य निर्वाचन अधिकृत भट्टले बताउनु भयो । कर्मचारी मतदान स्थलमा पुगेर पहिलो चरणमा निर्वाचनलाई स्वच्छ, भयरहित वातावरणमा सम्पन्न गर्नका लागि  सर्वपक्षीय बैठक आयोजना गर्ने, मुचुल्का तयार गर्ने, बुथ निर्माण गर्ने, उचित सुरक्षाको प्रबन्ध मिलाउनेलगायतका कार्य गरिने छ । ८९ हजार १ सय ५४ मतदाता रहेका यस जिल्लामा १ सय १२ मतदानस्थल १ सय ४१ मतदानकेन्द्र र दुई ओटा अस्थायी मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

जिल्लाका हिमाली स्थानीय तह व्यास गाउँपालिका-१ छाङगरु र तिंकरको मतदान सदरमुकाम खलंगामै हुने भएको छ । व्याँसमा चिसो बढेका कारण खलंगामै मतदान केन्द्र कायम गरिएको प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले बताउनु भयो । वडा कार्यालयको सिफारिसका आधारमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन आयोगबाट अनुमति मागेर जिल्ला सदरमुकाम खलंगामै मतदान गर्ने व्यवस्था मिलाइएको मुख्य निर्वाचन अधिकृत खेमराज भट्टले बताउनु भयो । अहिले सबै सर्वदलीय सहमति र वडाको सिफारिसका आधारमा दुवै गाउँको मतदान केन्द्र खलंगामै कायम गरिएको छ । छाङगरुको मतदान केन्द्रमा ३ सय ८३ र तिंकरको केन्द्रमा २ सय ३४ जना मतदाता रहेकामा तिंकरका मतदाताले सदरमुकाम खलंगाको बंगाबगरमा रहेको मोती महिला सङ्घ आधारभूत विद्यालयमा र छाङ्गरुका मतदाताले कैलाशपति आधारभूत विद्यालयमा मतदान गर्ने व्यवस्था मिलाइएको मुख्य निर्वाचन अधिकृत भट्टले बताउनु भयो । व्यास गाउँपालिका वडा नम्बर १ का अध्यक्ष अशोकसिह बोहराले छांगरु र तिंकर गाउँमा हिमपात हुने समय भएका कारण सबै स्थानीय पशुचौपाया सहित खलंगा पुगिसक्नु भएको बताउनु भयो । ०७९ वैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा यस क्षेत्रमा नेपाली भूमिबाट छाङगरू र तिंकर जाने बाटो नभएका कारण हेलिकोप्टरमार्फत निर्वाचन सामग्रीका साथै कर्मचारी र सुरक्षाकर्मीहरू लगिएको थियो ।

**इन्सेक कैलाली प्रतिनिधि मैनामोती चौधरीकाअनुसार** प्रतिनिधि र प्रदेश सभा सदस्यका लागि जिल्लाका २ सय ३७ मतदानस्थल र ६ सय २९ मतदानकेन्द्रमा ६ सय २९ मतदान अधिकृत र ६ सय २९ सहायक मतदान अधिकृत गरी ५ हजार २१ जना कर्मचारी सम्बन्धित निर्वाचन केन्द्रमा खटाइएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी राजेश चौधरीले बताउनु भयो । निर्वाचनमा खटिने कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र कारागारमा कैद भुक्तान गरिरहेका कैदी बन्दीहरूका लागि प्रतिनिधिसभा सदस्य समानुपातिक तर्फ मतदान गर्न ४ हजार ५ सय अस्थायी मतदाताहरूका लागि आठ ओटा अस्थायी मतदानस्थलको व्यवस्था गरिएको र त्यसका लागि मतदान अधिकृत र सहायक मतदान अधिकृत गरी ४० जना कर्मचारी खटाइएको समेत सूचना अधिकारी चौधरीले बताउनु भयो ।

**इन्सेक बझाङ प्रतिनिधि सत्यराजबहादुर सिंहकाअनुसार** जिल्ला निर्वाचन सुरक्षा समितिले निर्वाचन केन्द्रित सम्पूर्ण सुरक्षा व्यवस्थाको तयारी पूरा भएको जनाएको छ। आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउनका लागि आवश्यक सुरक्षाको प्रबन्ध मिलाइएको प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले बताउनु भयो । उम्मेदवारको सुरक्षा, मतदाताको सुरक्षा, निर्वाचनमा खटिने कर्मचारीको सुरक्षा र निर्वाचन सामग्रीको सुरक्षाको उचित प्रबन्ध मिलाउने कार्यका लागि सुरक्षाकर्मीहरू निर्वाचन केन्द्रमा पुगिसकेकाले मतदाताहरूले निर्धक्क भएर मताधिकारको प्रयोग गर्ने वातावरण सृजना भएको प्रमुख जिल्ला अधिकारी अर्यालले बताउनु भयो । निर्वाचनको सुरक्षा तयारी तथा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउने रणनीति तयार गरी सोही अनुसार सुरक्षाकर्मी परिचालन गर्ने उद्धेश्यले वित्थडचिर गाउँपालिका वडा नम्बर ८ स्थित बागथालामा प्रदेशस्तरीय सुरक्षा गोष्ठी कात्तिक ३० गते सम्पन्न भएको र सोही अनुसार सुरक्षाकर्मीहरू परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी अर्यालको भनाइ छ ।

**डडेल्धुरा जिल्ला प्रतिनिधि भुपेन्द्र बिष्टकाअनुसार** निर्वाचन आयोगले परशुराम नगरपालिकाका प्रमुख र उपप्रमुखलाई स्पष्टीकरण सोधेको छ । निर्वाचन आचारसंहिता विपरीत आफूनिकट उम्मेदवारलाई भोट मागेको भन्दै नगरपालिकाका नगरप्रमुख भरत बडायर जोशी र उपप्रमुख विमलाकुमारी बोहरालाई कार्तिक ३० गते आयोगले स्पष्टीकरण सोधेको हो । नगरपालिका अन्तर्गतका विभिन्न वडामा निर्वाचन आचारसंहिता विपरीत आफूनिकट दल र उम्मेदवारलाई मत मागेको र कार्यक्रममा सहभागी भएको देखिने सामाग्रीहरू संलग्न गरी आयोगमा उजुरी प्राप्त भएकोले सो स्पष्ट गरी पत्र कुनै माध्यमबाट प्राप्त भएको

२४ घण्टाभित्र निर्वाचन आयोगमा प्राप्त हुनेगरी लिखित स्पष्टीकरण पेश गर्न भनिएको मुख्य निर्वाचन अधिकृत बालकृष्ण वाग्लेले बताउनु भयो ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडु**का अनुसार सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव नारायणप्रसाद दुवाडी शर्मा नेतृत्वको सुदूरपश्चिम प्रदेश कमाण्ड पोष्टले जिल्लाको शान्ति सुरक्षाका बारेमा अनुगमन गरेको छ । टोलीले निर्वाचन लक्षित सुरक्षा अवस्था, निर्वाचन तयारी, सुरक्षा परिचालन लगायतका बारेमा अनुगमन गरेको प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीले बताउनु भयो । उहाँका अनुसार टोलिले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न जिल्लास्थित सुरक्षा समितिले गरेको तयारीका बारेमा पनि जानकारी लिएको र सुरक्षाको सम्पुर्ण प्रवन्ध मिलाउन निर्देशन दिएको छ। शिवनाथ गाउँपालिकाको केन्द्र सुल्लेखानमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूको बैठकले निर्वाचन केन्द्रत सुरक्षाका बारेमा टोलीलाई जानकारी गराएका थियो । निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न कुनै कसुर बाँकी नराखिने प्रमुख जिल्ला अधिकारी पन्थीले बताउनु भयो ।

**इन्सेक कञ्चनपुर प्रतिनिधि लिली कुँवरका अनुसार** निर्वाचन आचार संहिता उल्लङ्घन गरेको भन्दै बेदकोट नगरपालिका वडा नम्बर ५ का अध्यक्ष चित्रदेव भट्ट्लाई निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छ । बेदकोट नगरपालिकामा निर्वाचन आचारसंहिता विपरीत प्रचारप्रसार तथा चुनावी भेलामा सहभागी भएको कार्तिक २६ गते उजुरी परेपछि भट्टलाई स्पष्टीकरण सोधिएको मुख्य निर्वाचन अधिकृत ध्रुवकुमार शाहले बताउनु भयो ।

मतपेटिका ,मतदान-पत्र स्वस्तिक छाँप लगायतका नर्वाचन सामाग्री सहित मतदान अधिकृतको नेतृत्वमा सुरक्षाकर्मी र कर्मचारीहरू सम्बन्धित मतदान केन्द्रमा खटाइएको र सबै जना आआफ्नो मतदान केन्द्रमा पुगिसक्नु भएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकृत भानबहादुर महराले बताउनु भयो ।


मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं

फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१

इमेलः insec@insec.org.np, inseconline@insec.org.np

वेबसाइटः www.insec.org.np, www.inseconline.org